नेपाल सरकार

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# सन्धिखर्क नगरपालिका कार्यालय

*सन्धिखर्क, अर्घाखाँची*

## सौर्य सडक बत्ती जडान सम्बन्धी बोलपत्र आह्वानको सुचना

सुचना नं.-२/०७५/७६

प्रथम पटक सुचना प्रकाशित मितिः २०७४५६/१५

सन्धिखर्क नगरपालिका क्षेत्रमा सौर्य उर्जामा आधारित सडक बत्ती जडान गरेनुपर्ने भएकोले सो कार्यसँग कार्यानुभब भएका इच्छुक कम्पनी/फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपुर्बकको सिलबन्दी बोलपत्र पेश गर्नुहुन सार्बजनिक सुचना बह्वान गरिएको छ ।

### शर्तहरु

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीद साथ कम्पनी/फर्म संचालकको नागरीकताको प्रतिलिपी आ.ब.०७५/०७६ सम्म ब्यबसाय नबिकरण भएको इजाजतपत्र,आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र,आ.ब.२०७४/७५ को कर चुक्ता प्रमाणपत्र र बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रमा सुचिकृत भएको प्रमाणको प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निबेदन दिई यो सुचना पत्रिकामा प्रथमपटक प्रकाशित भएको मितिले ३० (तिसौं) दिन कार्यालय समयसम्म यस कार्यालयको योजना शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र फाराम सिलबन्दी गरी खाम बाहिर बोलपत्रदाताको नाम,ठेगाना र कामको बिबरण स्पष्ट उललेख गरी सिलबन्दी गरि यस कार्यालयमा ३१ औ दिनको १२.०० बजेभित्र दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिनको २.०० बजे यस कार्यालयमा कार्यालय प्रतिनिधि र बोलपत्रदाताका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पुग्ने छैन । कारणबश शिलबन्दि बोलपत्र खरिद गर्ने,दर्ता गर्ने तथा खोल्ने दिन सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयमा हुने छ ।

३. बोलपत्र शर्त रहित केरमेट नभएको हुनु पर्नेछ । यदि केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्ने छ ।

४. तपशिलमा उल्लेखित धरौटी बापतको रकम यस कार्यालयको नाममा रहेको रा.बा.बैक को सन्धिखर्क नगरपालिकाको धरौटी खातामा नगदै जम्मा गरेको रकमको भैचर संलग्न हुनुपर्ने छ ।

५. ठेक्का स्वीकृत भएपछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको श्री रा.बा.बैक सन्धिखर्क शाखा स्थित धरौटी खाता नं. ३०५०३०३००७१०६ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारि गरिएको घटीमा १३ महिना म्याद भएको मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी परफरमेन्स वण्ड पेश गरि सम्झौता गर्नु पर्नेछ ।

६. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्ने छ । दररेट रकम अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । बोलपत्र फारमको प्रत्येक पानामा सम्बन्धित ठेकदारको दस्तखत र फर्मको छाप अनिबार्य हुनु पर्नेछ ।

७. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८. थप जानकारिको लागी कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

९. सुचनामा नभएका कुराहरु सार्बजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

१०. बोलपत्र पुर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

| ठेक्का नं. | कामको बिबरण | भ्याट सहीत जम्मा रकम | धरौटी रकम | बोलपत्र सम्बन्धि कागजात दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| २/०७५/७६ | सौर्य बत्ती जडान कार्य | २२९२८७३.६१ | कबुल गरेको अंकको २.५% | ३०००।- | बैकल्पीक उर्जा प्रर्बद्धन केन्द्र र स.न.पा. |

प्रमुख प्रशासकिय अधिकृत

सन्धिखर्क नगरपालिका कार्यालय